चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बल्म्बु, काठमाडौं

प.सं. : २०८३/०८४
च.नं. : ९४९६

बागमती प्रदेश, नेपाल

मितिः-२०८३/०७/२७

मौलिक सिपमा आधारित व्यवसायसँग सम्बन्धित व्यक्ति,समुह वा संस्थाहरुले अनुदानका लागि निवेदन पेश गर्ने बारेको सूचना ।

उपरोक्त विषयमा यस चन्द्रागिरि नगरपालिकाको आ.व. २०८३/८४ को लागि स्वीकृत कार्यक्रमबाट मौलिक सिपमा आधारित व्यवसाय प्रवर्द्धन तथा अनुदान कार्यविधि, २०७९ बमोजिम कार्यविधिको अनुसूची -१ मा उल्लेख भएका व्यवसाय सञ्चालन गरिरहनु भएका व्यक्ति, समुह वा संस्थाहरुलाई अनुदान वितरण गर्ने कार्यक्रम रहेको हुँदा, २०८३ मंसिर मसान्त भित्र कार्यविधिको अनुसूची -२ बमोजिमको ढाँचामा तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरि नगरपालिकामा निवेदन पेश गर्नुहुन सरोकारवाला सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यस भन्दा अगाडि अनुदान प्राप्त गरिसकेका अनुदानग्राहीहरुले यस आ.व. मा निवेदन पेश गर्न पाइने छैन ।

तपसिलः

आवश्यक कागजातहरुः

१ व्यवसाय फर्म/समुह/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२ कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
३ समुह/संस्थाको निर्णय प्रतिलिपि (समुह वा संस्था भएमा)।
४ वडा कार्यालयको सिफारिस पत्र ।
५ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
६ सदस्यहरुको विवरण फाराम (समुह वा संस्था भएमा)।

२०८३।०६।२६

नमराज वानियाँ
उद्योग, वाणिज्य तथा व्यवसाय प्रवर्द्धन शाखा प्रमुख

बोधार्थः
श्री वडा कार्यालयहरु सबै,
आवश्यक सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

प.सं. २०८३।०८४
च.नं. : ९४९६

अनुसूची-१

(दफा २ को खण्ड (घ) संग सम्बन्धित)

अनुदान रकम उपलब्ध हुने व्यवसायहरु

क्र.सं.	विवरण
१	परालको चप्पल, सुकुल, गुन्द्री र गलैचा बुन्ने
२	काष्ठकला
३	डोको, थुन्चे, डालो, नाइलो, सोली, ढकी, कोक्रो, पेरुङ्गो, मुढा बुन्ने, दुना टपरी गाँस्ने
४	धुप बाट्ने, बत्ती काट्ने, थान्का बनाउने
५	नाम्लो, दाम्लो, बरियो बनाउने
६	आरण
७	तानाबाना, राडीपाखी र हाकु पटासी बुन्ने
८	छाला जुत्ता बनाउने
९	बेतबाँस उद्योग
१०	क्रिष्टलको माला,पोते उन्ने
११	मखमली जुत्ता बनाउने
१२	लाखामरी, चटामरी, वः (वारा), योमरी, सेलरोटी आदि कानूनले निषेध गरे बाहेकका मौलिक खाद्य वस्तु बनाउने ।
१३	स्थानीय प्रजातिका पन्छी पालन
१४	ढाकाको टोपी, दौरासुरुवाल, चौवन्दीचोलो सिलाउने सिलाई
१५	मादल, बिनायो, बाँसुरी, मुरली, झ्याली, धिमे, खैजडी उत्पादन गर्ने
१६	माटाका भाँडा बनाउने
१७	गुन्द्रुक, मस्यौरा, सिन्की, चाना बनाउने
१८	कलात्मक मुर्ति बनाउने
१९	हाते स्वीटर, टोपी, मोजा, स्कार्फ बुन्ने, टाईडाई
२०	दही(जुजु धौ), घिउ, खुवा, मह, अचार, तिलौरी, चाकु, सख्खर, मिश्री उत्पादन गर्ने
२१	अन्य स्थानीय मौलिक सिपमा आधारित उत्पादनहरु
२२	१-२१ सम्म उल्लेखित व्यवसायहरुसंग सम्बन्धित तालिम सञ्चालन गर्ने

२०८३।०६।२६